"गुणस्तरीय शिक्षा हाम्रो प्रतिबद्धता ।"

# श्री कर्मवीर माध्यमिक विद्यालय
# Shree Karmaveer Secondary School

बुढीगंगा–५, हातीमुडा, मोरङ
Budhiganga-5, Hattimuda, Morang
(स्थापित २०१२)
(Estd.: 2012)

| जिल्ला कोड | | गा.पा. कोड | | विद्यालय कोड | | |
|---|---|---|---|---|---|---|
| ० | ५ | १ | ० | ५ | ० | १ |

L.N. (प.सं.) :- ०९/०८३/८४

D.N. (च. नं.) :-

मिति/Date: २०८३/०४/२०

**विषयः- सरुवा सहमतिका लागि दरखास्त आव्हान सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस विद्यालयमा मिति २०८३/०४/२३ गते देखि माध्यमिक तह तृतीय श्रेणी अंग्रेजी विषयको शिक्षक पद संख्या १(एक) स्थायी दरबन्दी रिक्त रहने हुँदा विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०४/१२ गतेको निर्णय र बुढीगंगा गा.पा. शिक्षा शाखाको च.नं.१११ मिति २०८३/०४/२० गतेको अनुमति पत्र अनुसार शिक्षा नियमावली २०५९(दशौं संशोधन २०८३) सरुवा सम्बन्धि व्यवस्था बमोजिम उक्त दरबन्दीमा शिक्षक सरुवा मार्फत पदपुर्ति गर्नुपर्ने भएकाले माध्यमिक तह तृतीय श्रेणी अंग्रेजी विषयको योग्यता पुगेको स्थायी दरबन्दीमा कार्यरत तथा सरुवाको लागि योग्य र इच्छुक शिक्षकहरुबाट मिति २०८३ श्रावण२० गते देखि २०८३ भाद्र ०३ गते सम्म (यो सूचना प्रकाशित भएको मिति देखि १५ दिन भित्र) कार्यालय समय भित्र सरुवा सहमतिका लागि तपसिल बमोजिमको कागजात सहित दरखास्त आव्हानका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>पेश गर्नुपर्ने कागजातहरु</u>

१.सरुवा सहमतिका लागि हस्तलिखित निवेदन

२.नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

३.आफ्नो सेवा अवधि खुल्ने कागजात

४.स्थायी /अस्थायी नियुक्तिपत्रको प्रतिलिपि

५.शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरुको प्रतिलिपि

६.हाल कार्यरत विद्यालयमा शुरु हाजिरी भएको कागजात

७.असाधारण/बेतलबी बिदा लिए/नलिएको कागजात

८.सम्बन्धित विद्यालयको सहमति पत्र

९.सम्बन्धित स्थानिय तहको सहमित पत्र

१०.अन्तर जिल्लाको हकमा सम्बन्धित शिक्षा विकाश तथा समन्वय एकाइको सहमति पत्र

११.शिक्षा नियमावली (दशौं संशोधन २०८३) अनुसार प्राथमिकता दावी गर्ने प्रमाणपत्रहरु

१२.शिक्षा नियमावली २०५९ को अनुसूची १७ बमोजिमको फारम

नोटः उक्त अवधिभित्र प्राप्त रित पुगेका निवेदनहरु उपरमात्र शिक्षा नियमावली दशौं संशोधन २०८३ तथा प्रचलित कानून बमोजिम मूल्यांकन गरी आवश्यक प्रकृया अगाडि बढाइने छ। म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएका निवेदनहरु उपर कुनै कारवाही नहुने कुरा सम्बन्धित सबैको जानकारीका लागि समेत यो सूचना प्रकाशित गरिएको छ ।

बोधार्थ

१.शिक्षा विकास तथा समन्वय एकाइ मोरङ ।(जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि )

२.शिक्षा शाखा बुढीगंगा गाउँपालिका हातीमुडा मोरङ (जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि )

३. बुढीगंगा गाउँपालिका वडा नं. ५ को कार्यालय मोरङ (जानकारीका लागि )

विद्यालयको Email: karmaveer012@gmail.com

सम्पर्कः ९८४२०४६९८८ नि.प्र.अ. ९८४२०२९१४५ लेखा

प्रविण पौडेल
नि.प्रधानाध्यापक

नि.प्रधानाध्यापक
श्री कर्मवीर मा. वि.
बुढीगंगा-५, हात्तीमुडा